# प्रदेश लोक सेवा आयोग
## लुम्बिनी प्रदेश

**प्रदेश निजामती सेवा र स्थानीय निजामती सेवा अन्तर्गत सहायकस्तर पाँचौं तहका (अप्राविधिक/प्राविधिक) पदहरुको अन्तर तह र खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको विज्ञापन ।**

**सूचना नं. १७२/०८२-०८३** **प्रकाशन मितिः २०८२/०९/२५**

प्रदेश निजामती सेवा ऐन, २०८० र स्थानीय निजामती सेवा ऐन, २०८१ बमोजिम लुम्बिनी प्रदेश सरकारका विभिन्न मन्त्रालय तथा विभिन्न स्थानीय तहहरुबाट पदपूर्तिका लागि माग भई आएका देहाय बमोजिमका सेवा, समूह र उपसमूहका सहायकस्तर पाँचौं तहमा (प्राविधिक/अप्राविधिक) अन्तर तह र खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गरिने भएकोले तोकिए बमोजिमको योग्यता पुगेका उम्मेदवारहरुबाट विद्युतीय (online) माध्यमवाट दरखास्त आह्वान गरिन्छ । तोकिए बमोजिमको योग्यता पुगेका उम्मेदवारहरुले आयोगको विद्युतीय दरखास्त प्रणाली (www.ppsconline.lumbini.gov.np) बाट online दरखास्त दिनु पर्नेछ । प्रदेश निजामती सेवा तथा स्थानीय निजामती सेवा (प्राविधिक) तर्फ अन्तर तह तथा समावेशी प्रतियोगिताका परीक्षाहरु एकीकृत रुपमा एकै पटक संचालन गरिनेछ। प्रतियोगितात्मक परीक्षाबाट छनौट भएका उम्मेदवारहरुको प्राथमिकता क्रम अनुसार नियुक्तिको लागि प्रदेश तथा स्थानीय तहका सम्बन्धित निकायमा सिफारिस गरिनेछ।

| क्र.सं. | विज्ञापन नं | पद | समूह/उपसमूह | विज्ञापनको किसिम | माग पद संख्या | |
|---|---|---|---|---|---|---|
| **अ. प्रशासन सेवा तर्फ** | | | | | | |
| १. | ५००१८/०८२-८३ | बरिष्ठ प्रशासन सहायक/लेखापाल/बरिष्ठ लेखा सहायक | प्रदेश प्रशासन/सामान्य प्रशासन | अन्तर तह | ३ | |
| | | | स्थानीय प्रशासन/सामान्य प्रशासन | | ३ | |
| | | | प्रदेश प्रशासन/लेखा | | २ | |
| | | | स्थानीय प्रशासन/लेखा | | १ | |
| २. | ५००१९/०८२-८३ | बरिष्ठ प्रशासन सहायक/लेखापाल/बरिष्ठ लेखा सहायक/बरिष्ठ राजश्व सहायक/आन्तरिक लेखा परिक्षण सहायक/कानून सहायक | प्रदेश प्रशासन/सामान्य प्रशासन | खुला | १० | |
| | | | स्थानीय प्रशासन/सामान्य प्रशासन | | ११ | |
| | | | प्रदेश प्रशासन/लेखा | | ६ | |
| | | | स्थानीय प्रशासन/लेखा | | २ | |
| | | | प्रदेश प्रशासन/राजश्व | | १ | |
| | | | स्थानीय प्रशासन/आ.ले.प. | | २ | |
| | | | स्थानीय प्रशासन/कानून | | १ | |
| ३. | ५००२०/०८२-८३ | | स्थानीय प्रशासन/सामान्य प्रशासन | विपन्न खस आर्य (महिला) | १ | |
| | | | प्रदेश प्रशासन/लेखा | | १ | |
| ४. | ५००२१/०८२-८३ | | स्थानीय प्रशासन/सामान्य प्रशासन | मुस्लिम (महिला) | १ | |
| | | | प्रदेश प्रशासन/लेखा | | १ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५. | ५००२२/०८२-८३ | | स्थानीय प्रशासन/सामान्य प्रशासन | थारु (महिला) | १ | |
| | | | प्रदेश प्रशासन/लेखा | | १ | |
| ६. | ५००२३/०८२-८३ | | प्रदेश प्रशासन/सामान्य प्रशासन | खस आर्य महिला | २ | |
| | | | स्थानीय प्रशासन/सामान्य प्रशासन | | २ | |
| ७. | ५००२४/०८२-८३ | | प्रदेश प्रशासन/लेखा | दलित (महिला) | १ | गत आ.व.को विज्ञापनमा सिफारिस हुन नसकी सुरक्षित गरिएको पद |
| | | | स्थानीय प्रशासन/सामान्य प्रशासन | | १ | |
| ८. | ५००२५/०८२-८३ | | प्रदेश प्रशासन/सामान्य प्रशासन | दलित (पुरुष) | १ | |
| ९. | ५००२६/०८२-८३ | | प्रदेश प्रशासन/सामान्य प्रशासन | मधेशी (महिला) | १ | |
| | | | स्थानीय प्रशासन/सामान्य प्रशासन | | १ | |
| | | | प्रदेश प्रशासन/लेखा | | १ | गत आ.व.को विज्ञापनमा सिफारिस हुन नसकी सुरक्षित गरिएको पद |
| | | | स्थानीय प्रशासन/लेखा | | १ | |
| १०. | ५००२७/०८२-८३ | | प्रदेश प्रशासन/सामान्य प्रशासन | मधेशी (पुरुष) | १ | |
| | | | स्थानीय प्रशासन/सामान्य प्रशासन | | १ | |
| | | | प्रदेश प्रशासन/लेखा | | १ | |
| ११. | ५००२८/०८२-८३ | | प्रदेश प्रशासन/सामान्य प्रशासन | आ.ज. (महिला) | १ | |
| | | | स्थानीय प्रशासन/सामान्य प्रशासन | | १ | |
| | | | स्थानीय प्रशासन/लेखा | | १ | |
| | | | स्थानीय प्रशासन/आ.ले.प. | | १ | |
| १२. | ५००२९/०८२-८३ | | प्रदेश प्रशासन/सामान्य प्रशासन | आ.ज. (पुरुष) | १ | |
| | | | स्थानीय प्रशासन/सामान्य प्रशासन | | १ | |
| | | | प्रदेश प्रशासन/लेखा | | १ | |
| १३. | ५००३०/०८२-८३ | तथ्याङ्क सहायक | प्रदेश प्रशासन/तथ्याङ्क | खुला | १ | |
| | | | स्थानीय प्रशासन/तथ्याङ्क | | १ | |
| १४. | ५००३१/०८२-८३ | | प्रदेश प्रशासन/तथ्याङ्क | आ.ज. (महिला) | १ | |
| १५. | ५००३२/०८२-८३ | महिला विकास निरीक्षक | स्थानीय प्रशासन/विविध | खुला | १ | |
| आ. स्वास्थ्य सेवा तर्फ | | | | | | |
| १६. | ५१०३७/०८२-८३ | | प्रदेश स्वास्थ्य/हेल्थ इन्स्पेक्सन | अन्तर तह | १ | |
| | | | स्थानीय स्वास्थ्य/हेल्थ इन्स्पेक्सन | | २ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १७. | ५१०३८/०८२-८३ | हेल्थ असिष्टेन्ट | प्रदेश स्वास्थ्य/हेल्थ इन्स्पेक्सन | खुला | २ | |
| | | | स्थानीय सेवास्थ्य/हेल्थ इन्स्पेक्सन | | ५ | |
| १८. | ५१०३९/०८२-८३ | | स्थानीय सेवास्थ्य/हेल्थ इन्स्पेक्सन | थारु (महिला) | १ | |
| १९. | ५१०४०/०८२-८३ | | प्रदेश स्वास्थ्य/हेल्थ इन्स्पेक्सन | खस आर्य महिला | १ | |
| | | | स्थानीय सेवास्थ्य/हेल्थ इन्स्पेक्सन | | १ | |
| २०. | ५१०४१/०८२-८३ | | स्थानीय सेवास्थ्य/हेल्थ इन्स्पेक्सन | दलित (महिला) | १ | |
| २१. | ५१०४२/०८२-८३ | | स्थानीय सेवास्थ्य/हेल्थ इन्स्पेक्सन | मधेशी (महिला) | १ | |
| २२. | ५१०४३/०८२-८३ | | स्थानीय सेवास्थ्य/हेल्थ इन्स्पेक्सन | आ.ज. (महिला) | १ | |
| २३. | ५१०४४/०८२-८३ | स्टाफ नर्स | प्रदेश स्वास्थ्य/जनरल नर्सिङ्ग | अन्तर तह | ३ | |
| | | | स्थानीय स्थानीय/जनरल नर्सिङ्ग | | १ | |
| २४. | ५१०४५/०८२-८३ | | प्रदेश स्वास्थ्य/जनरल नर्सिङ्ग | खुला | ९ | |
| | | | स्थानीय स्थानीय/जनरल नर्सिङ्ग | | २ | |
| २५. | ५१०४६/०८२-८३ | | प्रदेश स्वास्थ्य/जनरल नर्सिङ्ग | विपन्न खस आर्य (महिला) | १ | |
| २६. | ५१०४७/०८२-८३ | | | मुस्लिम (महिला) | १ | |
| २७. | ५१०४८/०८२-८३ | | | थारु (महिला) | १ | |
| २८. | ५१०४९/०८२-८३ | | | खस आर्य महिला | २ | |
| २९. | ५१०५०/०८२-८३ | | | दलित (महिला) | १ | |
| ३०. | ५१०५१/०८२-८३ | | | दलित (पुरुष) | १ | |
| ३१. | ५१०५२/०८२-८३ | | | मधेशी (पुरुष) | १ | |
| ३२. | ५१०५३/०८२-८३ | | | आ.ज. (पुरुष) | १ | |
| ३३. | ५१०५४/०८२-८३ | | स्थानीय स्वास्थ्य/जनरल नर्सिङ्ग | आ.ज. (महिला) | १ | |
| ३४. | ५१०५५/०८२-८३ | पब्लिक हेल्थ नर्स /कम्युनिटी नर्स | स्थानीय स्वास्थ्य/क. नर्सिङ्ग | अन्तर तह | १ | |
| ३५. | ५१०५६/०८२-८३ | | प्रदेश स्वास्थ्य/ क.न/प.हे.न.* | खुला | १ | |
| | | | स्थानीय स्वास्थ्य/क. नर्सिङ्ग | | २ | |
| ३६. | ५१०५७/०८२-८३ | | स्थानीय स्वास्थ्य/क. नर्सिङ्ग | मधेशी (महिला) | १ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३७. | ५१०५८/०८२-८३ | | | आ.ज (महिला) | १ | |
| ३८. | ५१०५९/०८२-८३ | ल्याब टेक्निसियन | प्रदेश स्वास्थ्य/मे.ल्या.टे./ज.मे.ल्या.टे. | खुला | २ | |
| ३९. | ५१०६०/०८२-८३ | ल्याब टेक्निसियन | प्रदेश स्वास्थ्य/मे.ल्या.टे./ज.मे.ल्या.टे. | मधेशी (महिला) | १ | |
| ४०. | ५१०६१/०८२-८३ | डेन्टल हाइजिनिष्ट | प्रदेश स्वास्थ्य/डेण्टिष्ट्री/जनरल डेन्टल | खुला | १ | |
| ४१. | ५१०६२/०८२-८३ | रेडियोग्राफर | प्रदेश स्वास्थ्य/रेडियोग्राफी/ रेडियोग्राफी | खुला | १ | |
| ४२. | ५१०६३/०८२-८३ | मेडिकल रेकर्डर सुपरभाइजर | प्रदेश स्वास्थ्य/मेडिकल रेकर्ड | खुला | १ | |
| ४३. | ५१०६४/०८२-८३ | मेडिकल रेकर्डर सुपरभाइजर | प्रदेश स्वास्थ्य/मेडिकल रेकर्ड | आ..ज. (महिला) | १ | गत आ.व.को विज्ञापनमा सिफारिस हुन नसकी सुरक्षित गरिएको पद |
| ४४. | ५१०६६/०८२-८३ | एनेस्थेटिक सहायक | प्रदेश स्वास्थ्य/ विविध/एनेस्थेसिया | खुला | १ | |
| ४५. | ५१०६७/०८२-८३ | एनेस्थेटिक सहायक | प्रदेश स्वास्थ्य/ विविध/एनेस्थेसिया | मधेशी (महिला) | १ | |
| ४६. | ५१०६८/०८२-८३ | एनेस्थेटिक सहायक | प्रदेश स्वास्थ्य/ विविध/एनेस्थेसिया | आ..ज. (महिला) | १ | गत आ.व.को विज्ञापनमा सिफारिस हुन नसकी सुरक्षित गरिएको पद |
| ४७. | ५१०६९/०८२-८३ | कविराज | प्रदेश स्वास्थ्य/ आयुर्वेद/ज.आयुर्वेद | खुला | १ | |
| | | | स्थानीय स्वास्थ्य/आयुर्वेद | | १ | |
| ४८. | ५१०७०/०८२-८३ | कविराज | स्थानीय स्वास्थ्य/आयुर्वेद | आ.ज. (महिला) | १ | |
| **इ. इन्जिनियरिङ्ग सेवा तर्फ** | | | | | | |
| ४९. | ५२०२४/०८२-८३** | सब इन्जिनियर | स्थानीय इन्जिनियरिङ्ग/सिभिल | अन्तर तह | २ | |
| ५०. | ५२०२५/०८२-८३** | सब इन्जिनियर | प्रदेश इन्जिनियरिङ्ग/सिभिल/इरिगेशन | खुला | २ | |
| | | | प्रदेश इन्जिनियरिङ्ग/सिभिल/स्यानिटरी | | १ | |
| | | | प्रदेश इन्जिनियरिङ्ग/सिभिल/जनरल | | १ | |
| | | | प्रदेश इन्जिनियरिङ्ग/सिभिल/हाइवे | | १ | |
| | | | स्थानीय इन्जिनियरिङ्ग/सिभिल | | ७ | |
| ५१. | ५२०२६/०८२-८३** | सब इन्जिनियर | प्रदेश इन्जिनियरिङ्ग/सिभिल/इरिगेशन | मुस्लिम (महिला) | १ | |
| | | | स्थानीय इन्जिनियरिङ्ग/सिभिल | | १ | |
| ५२. | ५२०२७/०८२-८३** | सब इन्जिनियर | स्थानीय इन्जिनियरिङ्ग/सिभिल | थारु (महिला) | १ | |
| ५३. | ५२०२८/०८२-८३** | सब इन्जिनियर | स्थानीय इन्जिनियरिङ्ग/सिभिल | खस आर्य महिला | १ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५४. | ५२०२९/०८२-८३** | | स्थानीय इन्जिनियरिङ्ग/सिभिल | दलित महिला | १ | |
| ५५. | ५२०३०/०८२-८३** | | स्थानीय इन्जिनियरिङ्ग/सिभिल | मधेशी (महिला) | १ | |
| ५६. | ५२०३१/०८२-८३** | | प्रदेश इन्जिनियरिङ्ग/सिभिल/जनरल | आ.ज. (महिला) | १ | |
| | | | प्रदेश इन्जिनियरिङ्ग/सिभिल/हाइवे | | १ | |
| | | | स्थानीय इन्जिनियरिङ्ग/सिभिल | | १ | |
| ५७. | ५२०३२/०८२-८३** | सब इन्जिनियर | प्रदेश इन्जिनियरिङ्ग/सिभिल/वि.एण्ड आ. | खुला | १ | |
| ५८. | ५२०३३/०८२-८३** | | | मधेशी (महिला) | १ | |
| ५९. | ५२०३४/०८२-८३** | सब इन्जिनियर | प्रदेश इन्जिनियरिङ्ग/इले./जनरल इले. | खुला | २ | |
| ६०. | ५२०३५/०८२-८३** | | | आ.ज. (महिला) | १ | |
| ६१. | ५२०१९/०८२-८३ | ल्याब टेक्निसियन | प्रदेश इन्जिनियरिङ्ग/सिभिल/जनरल | खुला | १ | |
| ६२. | ५२०२०/०८२-८३ | | | आ.ज. (महिला) | १ | |
| ६३. | ५२०२१/०८२-८३ | हाइड्रोजियोलोजी प्राविधिक | प्रदेश इन्जिनियरीङ /जियो./हा.जी. | खुला | १ | |
| ६४. | ५२०२२/०८२-८३ | सर्वेक्षक | प्रदेश इन्जिनियरीङ/सर्भे | खुला | १ | |
| | | | स्थानीय इन्जिनियरीङ/सर्भे | | १ | |
| ६५. | ५२०२३/०८२-८३ | | स्थानीय इन्जिनियरीङ/सर्भे | आ.ज. (महिला) | १ | |
| ई. | कृषि सेवा तर्फ | | | | | |
| ६६. | ५३०२३/०८२-८३ | बाली विकास प्राविधिक | प्रदेश कृषि/बाली विकास | अन्तर तह | १ | |
| | | कृषि प्राविधिक | स्थानीय कृषि/बागवानी, बाली संरक्षण र बाली विकास | | १ | |
| | | कृषि प्राविधिक | स्थानीय कृषि/कृषि प्रसार | | १ | |
| ६७. | ५३०२४/०८२-८३ | कृषि प्रसार प्राविधिक | प्रदेश कृषि/कृषि प्रसार | खुला | १ | |
| | | बागवानी प्राविधिक | प्रदेश कृषि/बागवानी | | १ | |
| | | माटो विज्ञान प्राविधिक | प्रदेश कृषि/माटो विज्ञान | | १ | |
| | | कृषि अर्थ प्राविधिक | प्रदेश कृषि/एग्री. इको. एण्ड मार्केटिङ | | १ | |
| | | कृषि प्राविधिक | स्थानीय कृषि/एग्री. इको. एण्ड मार्केटिङ | | १ | |
| | | बाली विकास प्राविधिक | प्रदेश कृषि/बाली विकास | | २ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | कृषि प्राविधिक | स्थानीय कृषि/कृषि प्रसार | | ४ | |
| | | कृषि प्राविधिक | स्थानीय कृषि/बागवानी, बाली संरक्षण र बाली विकास | | २ | |
| ६८. | ५३०२५/०८२-८३ | कृषि प्राविधिक | स्थानीय कृषि/कृषि प्रसार | खस आर्य महिला | १ | |
| ६९. | ५३०२६/०८२-८३ | कृषि प्राविधिक | स्थानीय कृषि/बागवानी, बाली संरक्षण र बाली विकास | मधेशी (महिला) | १ | |
| | | कृषि प्राविधिक | स्थानीय कृषि/कृषि प्रसार | | १ | |
| ७०. | ५३०२७/०८२-८३ | कृषि प्राविधिक | स्थानीय कृषि/बागवानी, बाली संरक्षण र बाली विकास | आ.ज. (महिला) | १ | |
| | | बाली विकास प्राविधिक | प्रदेश कृषि/बाली विकास | | १ | |
| | | कृषि प्रसार प्राविधिक | प्रदेश कृषि/कृषि प्रसार | | १ | |
| | | कृषि प्राविधिक | स्थानीय कृषि/कृषि प्रसार | | १ | |
| | | बागवानी प्राविधिक | प्रदेश कृषि/बागवानी | | १ | |
| | | बाली विकास प्राविधिक | प्रदेश कृषि/बाली विकास | | १ | |
| | | कृषि प्राविधिक | स्थानीय कृषि/एग्री. इको. एण्ड मार्केटिङ | | १ | |
| | | कृषि अर्थ प्राविधिक | प्रदेश कृषि/एग्री. इको. एण्ड मार्केटिङ | | १ | |
| ७१. | ५३०२८/०८२-८३ | पशु स्वास्थ्य प्राविधिक | स्थानीय कृषि/ भेटेरिनरी | अन्तर तह | २ | |
| | | पशु विकास प्राविधिक | स्थानीय कृषि/ला.पो.डे.डे. | | १ | |
| | | मत्स्य प्राविधिक | स्थानीय कृषि/मत्स्य | | १ | |
| ७२. | ५३०२९/०८२-८३ | पशु सेवा प्राविधिक | प्रदेश कृषि/ला.पो.डे.डे. | खुला | १ | |
| | | पशु विकास प्राविधिक | स्थानीय कृषि/ला.पो.डे.डे. | | ४ | |
| | | पशु स्वास्थ्य प्राविधिक | स्थानीय कृषि/ भेटेरिनरी | | ६ | |
| | | मत्स्य विकास प्राविधिक | प्रदेश कृषि/मत्स्य | | १ | |
| | | मत्स्य प्राविधिक | स्थानीय कृषि/मत्स्य | | २ | |
| ७३. | ५३०३०/०८२-८३ | पशु स्वास्थ्य प्राविधिक | स्थानीय कृषि/ भेटेरिनरी | थारु (महिला) | १ | |
| ७४. | ५३०३१/०८२-८३ | पशु विकास प्राविधिक | स्थानीय कृषि/ला.पो.डे.डे. | खस आर्य महिला | १ | |
| | | पशु स्वास्थ्य प्राविधिक | स्थानीय कृषि/ भेटेरिनरी | | १ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७५. | ५३०३२/०८२-८३ | पशु स्वास्थ्य प्राविधिक | स्थानीय कृषि/ भेटेरिनरी | दलित (महिला) | १ | |
| ७६. | ५३०३३/०८२-८३ | पशु विकास प्राविधिक | स्थानीय कृषि/ला.पो.डे.डे. | मधेशी (महिला) | १ | |
| | | पशु स्वास्थ्य प्राविधिक | स्थानीय कृषि /भेटेरिनरी | | १ | |
| ७७. | ५३०३४/०८२-८३ | पशु विकास प्राविधिक | स्थानीय कृषि/ला.पो.डे.डे. | आ.ज. (महिला) | १ | |
| | | पशु सेवा प्राविधिक | प्रदेश कृषि/ला.पो.डे.डे. | | १ | |
| | | पशु स्वास्थ्य प्राविधिक | स्थानीय कृषि/ भेटेरिनरी | | १ | |
| | | मत्स्य प्राविधिक | स्थानीय कृषि/मत्स्य | | १ | |
| **उ.** | **वन सेवा तर्फ** | | | | | |
| ७८. | ५४००४/०८२-८३ | रेन्जर/ भू सरक्षण सहायक | प्रदेश वन/जनरल फरेष्ट्री | अन्तर तह | १ | |
| ७९. | ५४००५/०८२-८३ | | प्रदेश वन/जनरल फरेष्ट्री | खुला | ४ | |
| | | | प्रदेश वन/स्वाइल एण्ड वाटर कन्जरभेसन | | १ | |
| ८०. | ५४००६/०८२-८३ | | प्रदेश वन/जनरल फरेष्ट्री | मुस्लिम (महिला) | १ | |
| ८१. | ५४००७/०८२-८३ | | | थारु (महिला) | १ | |
| ८२. | ५४००८/०८२-८३ | | | दलित (महिला) | १ | |
| **ऊ.** | **शिक्षा सेवा तर्फ** | | | | | |
| ८३. | ५५०१०/०८२-८३ | शिक्षा सहायक | स्थानीय शिक्षा/शिक्षा प्रशासन र परीक्षण तथा मूल्याङ्कन | अन्तर तह | १ | |
| ८४. | ५५०११/०८२-८३ | | | खुला | २ | |
| ८५. | ५५०१२/०८२-८३ | | | मधेशी (महिला) | १ | |
| ८६. | ५५०१३/०८२-८३ | | | आ.ज. (महिला) | १ | |

* यस आयोगको सूचना नं.१७३, मिति २०८२/०९/२५ को सूचनाअनुसार विज्ञापन नं. संशोधन गरिएको।

** यस आयोगको सूचना नं. १७७, मिति २०८२/१०/१० को सूचना अनुसार विज्ञापन नं. संशोधन गरिएको।

**परीक्षाको किसिम:-** पाठ्यक्रममा तोकिए अनुसार ।

**परीक्षा केन्द्र:-** बुटवल ।

**परीक्षा मिति, समय र स्थान:-** परीक्षा सम्बन्धी जानकारी आयोगको वेवसाइटमा पछि प्रकाशन गरिनेछ ।

**परीक्षाको माध्यम:-** लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुनेछ ।

**दरखास्तको माध्यम:-** आयोगको विद्युतीय दरखास्त प्रणाली ppsconline.lumbini.gov.np मार्फत् दरखास्त पेश गर्नुपर्नेछ । दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण सोही वेबसाइटमा राखिएको User Manual मा रहेको छ । उम्मेदवारहरूले विद्युतीय दरखास्त भर्दा व्यक्तिगत विवरण शुद्धसँग

| | |
|---|---|
| | भरी विवरण दुरुस्त भएको आँफैले सुनिश्चित गर्नुपर्नेछ । विवरण भर्दा अनिवार्य रुपमा उम्मेदवारहरूले आफ्नै मोबाईल नम्बर र इमेल ठेगाना उल्लेख गर्नुपर्नेछ। |
| **दरखास्त दस्तुरः-** | दरखास्त दस्तुर रु.५००।- (पाँच सय) बुझाउनु पर्नेछ । फरक पाठ्यक्रम भएका अप्राविधिक पदहरूमा अन्तर तहको दरखास्त दस्तुर पनि खुला सरहकै तर प्राविधिक तर्फका समान पाठ्यक्रम भएका पदहरूको अन्तर तह र समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारले थप समूह/पत्रको प्रत्येकको लागि रु. २००/- (दुई सय) का दरले थप दस्तुर बुझाउनुपर्नेछ। |
| **दरखास्त दस्तुर बुझाउने विधि र स्थान:-** | आयोगको अनलाइन पोर्टलबाट फाराम भरी Submit गर्नुपर्नेछ। फाराम Submit गर्नुपूर्व आफूले भरेको विवरण छुटेको वा कुनै कागजात समावेश हुन छुट भए नभएको यकिन गर्ने । दरखास्त दस्तुर भुक्तानी भएपछि निवेदकको कुनै पनि विवरण परिवर्तन गर्न नसकिने हुँदा आफ्नो सबै विवरण ठीक भएको यकिन गर्ने । यकिन गरिसकेपछि देब्रे तर्फको Menu मा देखिएका List हरूमध्ये "My Application" मा Click गरी "All Application" मा Click गर्ने । आफूले आवेदन दिएको पदको विज्ञापन नं., समावेशी कोटा, विषय छनौट गर्नुपर्ने पदको हकमा सही विषय छनौट गरे/नगरेको यकिन गर्नका लागि "View Details" मा क्लिक गर्ने । दरखास्त दस्तुर समेत यकिन गरिसकेपछि Close गरेर "Pay" मा Click गर्ने । Online payment गर्नेको हकमा त्यसै पेजमा रहेको "Online Option" छान्ने । बैंक Option मा "राष्ट्रिय बाणिज्य बैंक" वा "नेपाल बैंक लिमिटेड" मध्ये कुनै एक Option छनोट गर्ने । रकम भुक्तानी गर्न Connect IPS, E-Sewa, Khalti, IME Pay विकल्पहरू मध्ये कुनै एक विकल्पमा Click गर्ने । तत्पश्चात् "रकम भुक्तानी गर्नुहोस्" मा Click गर्ने । त्यसपछि छनौट गरिएको विकल्पमा Username and password राखी Online Payment मा आफ्नो नामसहितको विवरण मिलेमा वा सिधै Connect IPS मा Click गरी QR Code Scan गरेर तोकिएको रकम (तोकिएको मिति बमोजिमको सिङ्गल वा दोब्बर दस्तुर) दाखिला गर्न सकिनेछ । बैंकमा गएर दाखिला गर्नेको हकमा "Offline" option छानेर भौचर Download गरी उक्त भौचर प्रिन्ट गरी तोकिएको समयभित्र सम्बन्धित बैंकमा गई तोकिएको रकम दाखिला गराउनुपर्नेछ। प्रवेशपत्र हेर्न र प्रिन्ट गर्नका लागि दरखास्त दिने म्याद समाप्त भएपछि आयोगले सूचना प्रकाशन गर्नेछ। यसका लागि आफ्नो इमेल, Master ID, Username र पासवर्ड सुरक्षित साथ राख्नुपर्नेछ।<br><br>***Online Payment गर्नेको हकमा कहिले काँही Server मा अत्यधिक चाप पर्न गई Server Slow हुँदा Payment Success भएर सम्बन्धित Wallet बाट रकम Deduction भएको तर Online Portal मा भुक्तानी स्थिति (Payment Status) Pending देखिन सक्ने हुँदा केही समय प्रतिक्षा गर्नुहाला । लामो समयसम्म रकम दाखिला भएको नदेखिएमा आयोगमा जानकारी गराउनुहोला ।*** |
| **दरखास्त दिने अन्तिम मिति:-** | २०८२।१०।१५ गतेसम्म र दोब्बर दस्तुर तिरी २०८२।१०।२२ गतेसम्म । |
| **उम्मेदवारको उमेरको हद:-** | ❖ प्रचलित कानून अनुसारका निजामती सेवाका पदहरूमा २०८२।१०।१५ सम्म १८ वर्ष उमेर पूरा भै ३५ वर्ष ननाघेको, महिलाको हकमा ४० वर्ष ननाघेको र स्वास्थ्य सेवाका हकमा ४५ वर्ष ननाघेको हुनुपर्नेछ। ।<br>❖ संघीय निजामती सेवाको सबै प्रदेशको निजामती सेवाको र सबै स्थानीय तहको स्थानीय सेवाको पदमा बहाल रहेका स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन्। |
| **पेश गर्नुपर्ने कागजातहरु:-** | दरखास्त पेश गर्ने उम्मेदवारले माग गरिए अनुसारको सम्पूर्ण विवरण भरी आफ्नो नागरिकताको अगाडि तथा पछाडि दुवैतर्फको भाग, हालसालै खिचेको पासपोर्ट साइजको फोटो र हस्ताक्षर Scan गरी JPG Format मा तथा अन्य कागजातहरू जस्तै दरखास्त दिने पदको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्र, समावेशी समूहमा दरखास्त दिने उम्मेदवारहरूको हकमा |

समावेशी विवरण खुल्ने कागजातहरू सक्कल नै Scan गरी PDF Format मा तोकिएकै स्थानमा Upload गर्नुपर्नेछ।

*तोकिएको Format मा कागजात Upload नभएमा प्रवेश पत्र प्रिन्ट नहुने भएकोले तोकिएको Format मै File Upload गर्नुपर्नेछ। प्रदेश लोक सेवा आयोग कार्यसञ्चालन निर्देशिका, २०७७ को दफा १३ बमोजिम दरखास्त पेश नभएमा वा लापरवाही तरिकाले पेश गरेमा दरखास्त रुजु गर्दाकै बखत रद्द हुने र पछि कुनै पनि बहानामा रद्द भएका दरखास्त उपर कुनै पनि सुनुवाइ नहुने भएकाले दरखास्त फाराम भर्दा विशेष ख्याल गर्नुपर्नेछ।*

**पदमा रही गर्नुपर्ने कामको विवरण:-** सेवा, समूह सम्बन्धी प्रदेश सरकार र स्थानीय तहले तोके बमोजिम।

**सेवा, शर्त र सुविधा:-** प्रचलित कानून बमोजिम हुने।

**सेवा सम्बन्धी मन्त्रालय/ स्थानीय तह:-** सेवा, समूह सञ्चालन गर्ने सम्बन्धित मन्त्रालय तथा स्थानीय तह।

**आवश्यक न्यूनतम योग्यता:**

**(क) अन्तरतह प्रतियोगिताको लागि आवश्यक योग्यता**

१. प्रदेश निजामती सेवाको अन्तरतह प्रतियोगिता तर्फ दरखास्त दिन चाहने उम्मेदवारले प्रदेश निजामती सेवा ऐन, २०८० को दफा १०(४) र प्रदेश निजामती सेवा नियमावली, २०८० को नियम ७० बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ।
२. प्रदेश निजामती सेवा ऐन, २०८० को दफा १८ उपदफा(२) बमोजिम अयोग्य नभएको।
३. स्थानीय निजामती सेवाको अन्तरतह प्रतियोगिता तर्फ दरखास्त दिन चाहने उम्मेदवारले स्थानीय निजामती सेवा ऐन २०८१, को दफा १०(४) बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ।
४. स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा १९ उपदफा(२) बमोजिम अयोग्य नभएको।

**(ख) खुल्ला तथा समावेशी प्रतियोगिताको लागि आवश्यक योग्यता**

१. प्रदेश निजामती सेवा ऐन ,२०८० को दफा १८, बमोजिम योग्य व्यक्ति खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको लागि उम्मेदवार हुन सक्नेछन्।
२. स्थानीय निजामती सेवा ऐन ,२०८१ को दफा १९, बमोजिम योग्य व्यक्ति खुला तथा समावेशी प्रतियोगितात्मक परिक्षाको लागि उम्मेदवार हुन सक्नेछन्।

**(ग) अन्तरतह/खुल्ला तथा समावेशी प्रतियोगिताको लागि आवश्यक शैक्षिक योग्यता**

१. प्रदेश/स्थानीय प्रशासन सेवा/सामान्य प्रशासन समूह/वरिष्ठ प्रशासन सहायक पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।
२. प्रदेश/स्थानीय प्रशासन सेवा /लेखा समूह/लेखापाल/वरिष्ठ लेखा सहायक पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्य शास्त्रमा प्रवीणता प्रमाणपत्र तह वा अर्थशास्त्र, गणित, तथ्याङ्कशास्त्र वा जनप्रशासनमध्ये कुनै एक मूल विषय लिई प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।
३. स्थानीय प्रशासन सेवा/आन्तरिक लेखा परीक्षण समूह/आन्तरिक लेखा परीक्षण सहायक पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्य शास्त्रमा प्रवीणता प्रमाणपत्र तह वा अर्थशास्त्र, गणित, तथ्याङ्कशास्त्र वा जनप्रशासनमध्ये कुनै एक मूल विषय लिई प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।
४. प्रदेश प्रशासन सेवा /राजस्व समूह /वरिष्ठ राजस्व सहायक पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्यशास्त्र वा कानूनमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण वा अर्थशास्त्र, गणित, तथ्याङ्कशास्त्र वा जनप्रशासन मध्ये कुनै एक मूल विषय लिई प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको।
५. स्थानीय प्रशासन सेवा/कानुन समूह/कानुन सहायक पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट कानुन विषयमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।
६. प्रदेश/स्थानीय प्रशासन सेवा/तथ्याङ्क समूह/ तथ्याङ्क सहायक पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याङ्कशास्त्र वा गणित विषय सहित कुनै विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण।

७. स्थानीय प्रशासन सेवा/विविध समूह/ महिला विकास निरीक्षक पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण ।

८. स्थानीय शिक्षा सेवा/शिक्षा प्रशासन र परिक्षण तथा मूल्याङ्क समूह/शिक्षा सहायक पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षाशास्त्रमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण ।

९. प्रदेश इन्जिनियरिङ्ग सेवा/सिभिल समूह/इरिगेशन उपसमूह सब इन्जिनियर पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित इन्जिनियरिङ विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण ।

१०. प्रदेश इन्जिनियरिङ्ग सेवा/सिभिल समूह/स्यानिटरी उपसमूह सब इन्जिनियर पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा प्रविणता प्रमाणपत्र वा सो सरह उत्तीर्ण ।

११. प्रदेश इन्जिनियरिङ्ग सेवा/सिभिल समूह/वि.एण्ड.आर्किटेक्ट उपसमूह सब इन्जिनियर पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित इन्जिनियरिङ/सिभिल वा आर्किटेक्चर विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण ।

१२. प्रदेश इन्जिनियरिङ्ग सेवा/ इलेक्ट्रिकल इन्जिनियरिङ समूह/जनरल इलेक्ट्रिकल सब इन्जिनियर पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट इलेक्ट्रिकल इन्जिनियरिङ विषयमा प्रवीणता प्रमाणपत्र तह वा डिप्लोमा तह वा सो सरह उत्तीर्ण ।

१३. प्रदेश/स्थानीय इन्जिनियरिङ्ग सेवा/सिभिल इन्जिनियर समूह/जनरल उपसमूह सब इन्जिनियर पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण ।

१४. प्रदेश इन्जिनियरिङ्ग सेवा/सिभिल इन्जिनियर समूह/हाइवे उपसमूह सब इन्जिनियर पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण ।

१५. प्रदेश इन्जिनियरिङ्ग सेवा/सिभिल इन्जिनियर समूह/जनरल उपसमूह ल्याब टेक्निसियन पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी एक महिनाको स्वायल टेक्निसियन तालिम प्राप्त ।

१६. प्रदेश इन्जिनियरिङ्ग सेवा/जियोलोजि समूह/हाइड्रोजियोलोजी उपसमूह हाइड्रोजियोलोजी प्राविधिक पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण ।

१७. प्रदेश/स्थानीय इन्जिनियरिङ्ग सेवा/सर्भे समूह/सर्वेक्षक पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सर्भे वा जियोमेटिक्स विषयमा तीन वर्षे प्रवीणता प्रमाणपत्र तह सरहको डिप्लोमा उत्तीर्ण वा विज्ञान(फिजिकल समूह) वा भूगोल विषय लिई प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरी कम्तीमा एक वर्षको जुनियर नापी तालिम प्राप्त गरेको।

१८. प्रदेश वन सेवा/जनरल फरेष्ट्री समूह रेन्जर पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थावाट सिल्भिकल्चर, वनस्रोत मापन (फरेष्ट मेन्सुरेसन) र वन व्यवस्थापन मूल विषय लिई वन विज्ञानमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।

१९. प्रदेश वन सेवा/स्वायल एण्ड वाटर कन्जरभेशन समूह/भू-संरक्षण सहायक पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट वन विज्ञानमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।

२०. प्रदेश/स्थानीय कृषि सेवा/ला.पो.डे.डे.समूह/पशु सेवा प्राविधिक/पशु विकास प्राविधिक पदका लागि: : मान्यताप्राप्त शिक्षण संस्थावाट आई.एस्सी.एग्री (पशु विज्ञान) उत्तीर्ण वा एस.एल.सी. वा टी.एस.एल.सी वा सो सरह उत्तीर्ण गरी न्यूनतम तीन वर्ष अवधिको कृषि विषयको डिप्लोमा (Major in Animal Science) उत्तीर्ण वा जे.टी.ए. (पशु विज्ञान) कोर्ष अध्ययन गरी एक वर्षे जे.टी.(पशु विज्ञान) कोर्ष उत्तीर्ण।

२१. प्रदेश/स्थानीय कृषि सेवा/मत्स्य समूह/मत्स्य विकास प्राविधिक/मत्स्य प्राविधिक पदका लागि: मान्यताप्राप्त शिक्षण संस्थावाट आई.एस्सी.एग्री (पशु विज्ञान) उत्तीर्ण वा एस.एल.सी. वा टी.एस.एल.सी वा सो सरह उत्तीर्ण गरी न्यूनतम तीन वर्ष अवधिको कृषि विषयको डिप्लोमा (Major in Animal Science) उत्तीर्ण वा जे.टी.ए. (पशु विज्ञान) कोर्ष अध्ययन गरी एक वर्षे जे.टी.(पशु विज्ञान) कोर्ष उत्तीर्ण।

२२. प्रदेश कृषि सेवा/माटो विज्ञान समूह/माटो विज्ञान प्राविधिक पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थावाट आई.एस्सी.एग्री (कृषिविज्ञान) वा सो सरह उत्तीर्ण वा एस.एल.सी. / टी.एस.एल.सी वा सो सरह उत्तीर्ण गरी न्यूनतम तीन वर्ष अवधिको कृषि विषयको डिप्लोमा (Major in Plant Science) उत्तीर्ण वा जे.टी.ए.(कृषि विज्ञान) कोर्ष अध्ययन गरी एक वर्षे जे.टी. (कृषि विज्ञान) कोर्ष उत्तीर्ण।

२३. प्रदेश कृषि सेवा/एग्री इकोनोमिक्स एण्ड मार्केटिङ्ग समूह/कृषि अर्थ प्राविधिक पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थावाट आई.एस्सी.एग्री (कृषिविज्ञान) उत्तीर्ण वा एस.एल.सी. / टी.एस.एल.सी उत्तीर्ण गरी न्यूनतम तीन वर्ष अवधिको कृषि विषयको डिप्लोमा (Major in Plant Science) उत्तीर्ण वा जे.टी.ए.(कृषि विज्ञान) कोर्ष अध्ययन गरी एक वर्षे जे.टी. (कृषि विज्ञान) कोर्ष उत्तीर्ण।

२४. प्रदेश कृषि सेवा/बाली विकास समूह/बाली विकास प्राविधिक पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थावाट आई.एस्सी.एग्री (कृषिविज्ञान) वा सो सरह उत्तीर्ण वा एस.एल.सी. / टी.एस.एल.सी वा सो सरह उत्तीर्ण गरी न्यूनतम तीन वर्ष अवधिको कृषि विषयको डिप्लोमा (Major in Plant Science) उत्तीर्ण वा जे.टी.ए.(कृषि विज्ञान) कोर्ष अध्ययन गरी एक वर्षे जे.टी. (कृषि विज्ञान) कोर्ष उत्तीर्ण।

२५. प्रदेश कृषि सेवा/बागवानी समूह/बागवानी प्राविधिक पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थावाट आई.एस्सी.एग्री (कृषिविज्ञान) उत्तीर्ण वा एस.एल.सी. / टी.एस.एल.सी वा सो सरह उत्तीर्ण गरी न्यूनतम तीन वर्ष अवधिको कृषि विषयको डिप्लोमा (Major in Plant Science) उत्तीर्ण वा जे.टी.ए.(कृषि विज्ञान) कोर्ष अध्ययन गरी एक वर्षे जे.टी. (कृषि विज्ञान) कोर्ष उत्तीर्ण।

२६. स्थानीय कृषि सेवा/बागवानी, वाली संरक्षण र वाली विकास समूह/कृषि प्राविधिक पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थावाट आई.एस्सी.एग्री (कृषिविज्ञान) उत्तीर्ण वा एस.एल.सी. / टी.एस.एल.सी वा सो सरह उत्तीर्ण गरी न्यूनतम तीन वर्ष अवधिको कृषि विषयको डिप्लोमा (Major in Plant Science) उत्तीर्ण वा जे.टी.ए.(कृषि विज्ञान) कोर्ष अध्ययन गरी एक वर्षे जे.टी. (कृषि विज्ञान) कोर्ष उत्तीर्ण।

२७. स्थानीय कृषि सेवा/भेटेरिनरी समूह/पशु स्वास्थ्य प्राविधिक पदका लागि: मान्यताप्राप्त शिक्षण संस्थावाट आई.एस्सी.एग्री (पशु विज्ञान) उत्तीर्ण वा एस.एल.सी. वा टी.एस.एल.सी वा सो सरह उत्तीर्ण गरी न्यूनतम तीन वर्ष अवधिको कृषि विषयको डिप्लोमा (Major in Animal Science) उत्तीर्ण वा जे.टी. (पशु विज्ञान) कोर्ष अध्ययन गरी एक वर्षे जे.टी.(पशु विज्ञान) कोर्ष उत्तीर्ण।

२८. प्रदेश/स्थानीय कृषि सेवा/कृषि प्रसार समूह/कृषि प्रसार प्राविधिक/कृषि प्राविधिक पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थावाट आई.एस्सी.एग्री (कृषिविज्ञान) उत्तीर्ण वा एस.एल.सी. / टी.एस.एल.सी वा सो सरह उत्तीर्ण गरी न्यूनतम तीन वर्ष अवधिको कृषि विषयको डिप्लोमा (Major in Plant Science) उत्तीर्ण वा जे.टी.ए.(कृषि विज्ञान) कोर्ष अध्ययन गरी एक वर्षे जे.टी. (कृषि विज्ञान) कोर्ष उत्तीर्ण।

२९. प्रदेश/स्थानीय स्वास्थ्य सेवा/जनरल नर्सिङ्ग समूह/स्टाफ नर्स पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थावाट नर्सिङ्ग विषयमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।

३०. प्रदेश स्वास्थ्य सेवा/आर्युर्वेद समूह/जनरल आर्युवर्दे उपसमूह कविराज पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थावाट आयुर्वर्दे विषयमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।

३१. स्थानीय स्वास्थ्य सेवा/आर्युर्वेद समूह/ कविराज पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थावाट आयुर्वर्दे विषयमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।

३२. प्रदेश स्वास्थ्य सेवा/विविध समूह/एनेस्थेसिया उपसमूह एनेस्थेटिक सहायक पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थावाट एच.ए. वा स्टाफ नर्स उत्तीर्ण गरी सम्बन्धित विषयमा तालिम प्राप्त।

३३. प्रदेश स्वास्थ्य सेवा/कम्युनिटी नर्सिङ्ग समूह/पब्लिक हेल्थ नर्सिङ्ग उपसमूह/पब्लिक हेल्थ नर्स पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थावाट प.हे.न. वा नर्सिङ्ग विषयमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण ।

३४. स्थानीय स्वास्थ्य सेवा/कम्युनिटी नर्सिङ समूह /कम्युनिटी नर्स पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थावाट प.हे.न. वा कम्युनिटी विषयमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण ।

३५. प्रदेश स्वास्थ्य सेवा/मेडिकल रेकर्ड/मेडिकल रेकर्डर सुपरभाइजर पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थावाट तथ्याङ्कशास्त्र वा गणित विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण।

३६. प्रदेश स्वास्थ्य सेवा/मेडिकल ल्याब टेक्नोलोजी /जनरल मेडिकल ल्याब टेक्नोलोजी उपसमूह ल्याब टेक्निसियन पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थावाट हेल्थ ल्याब विषयमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।

३७. प्रदेश स्वास्थ्य सेवा/डेण्टिष्ट्री/जनरल डेन्टल उपसमूह डेन्टल हाइजिनिष्ट पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट डेन्टल हाइजिनिष्टमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।

३८. प्रदेश/स्थानीय स्वास्थ्य सेवा/हेल्थ इन्सपेक्सन समूह/हेल्थ असिस्टेन्ट/ हेल्थ असिस्टेन्ट निरीक्षक पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट सामान्य चिकित्सामा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।

३९. प्रदेश स्वास्थ्य सेवा/रेडियोग्राफी/रेडियोग्राफी उपसमूह रेडियोग्राफर पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोग्राफी विषयमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।

## समावेशी समूहका विज्ञापनमा दरखास्त दिने उम्मेदवारहरूका लागि विशेष निर्देशन

प्रतिशत निर्धारण गर्दा जुन समावेशी समूहतर्फका पदहरूमा दरखास्त दिन चाहने उम्मेदवारहरूले दरखास्त दिने समयमा देहायअनुसारका कागजातहरू तयार गरी दरखास्त दिनुपर्नेछ।

**(क)** आदिवासी जनजातिका हकमा: नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरू भएमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

**(ख)** मधेशीका हकमा : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थावाट मधेशी भनी प्रमाणित गरेको कागजात वा प्रमुख जिल्ला अधिकारीवाट मधेसी भनी प्रमाणित गराएको कागजात।

**(ग)** दलितका हकमा : राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातीको सूचीको आधारमा तर, राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नुपर्ने छ।

**(घ)** थारुका हकमा : थारु आयोगबाट सूचीकृत भएको जातिको सूचको आधारमा तर, थारु आयोगबाट सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नुपर्ने छ।

**(ङ)** खस आर्य महिलाको हकमा: राष्ट्रिय समावेशी आयोगले खस आर्य जाति भनी सूचीकृत गरेका थर भनी स्थानीय तहले प्रमाणित गराई दरखास्तसाथ पेश गर्नुपर्नेछ।

**(च)** विपन्न खस आर्यका हकमा : प्रचलित कानून बमोजिम प्राप्त गरेको गरिब घरपरिवार परिचय पत्रको आधारमा वा त्यसरी परिचय पत्रको व्यवस्था नभएसम्मको लागि कानून बमोजिम नेपाल सरकारले तोकेको न्यूनतम वार्षिक आय भएका खस आर्य समुदायको नागरिक भएको भनी स्थानीय तहले सिफारिस गरेको प्रमाणित कागजात दरखास्तसाथ पेश गर्नुपर्नेछ।

**(छ)** मुस्लिमका हकमा : मुस्लीम आयोगबाट सूचीकृत भएको जातिको सूचीको आधारमा तर, मुस्लीम आयोगबाट सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नुपर्ने छ।

## द्रष्टव्य

**(क)** स्थानीय सेवा तर्फ अन्तर तह प्रातियोगिता तर्फ छुट्टाइएको सबै वा केही पद पूर्ति हुन नसकेमा सोही वर्षको खुला प्रतियोगिताद्वारा पूर्ति हुने भनि सेव शर्त सम्बन्धी कानुनमा उल्लेख भएबमोजिम त्यसरी पूर्ति हुन नसकेका पद एकिन गरी खुलातर्फको पदसंख्यामा जोडी हुन आउने पदसंख्यालाई रिक्त पदसंख्या मानी लिखित परीक्षाको नतिजा प्रकाशन गरिनेछ।

**(ख)** दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।

**(ग)** व्यवसायिक परिषद्को प्रमाणपत्र आवश्यक पर्ने पदमा दरखास्त दिने उम्मेदवारहरुले अनिवार्य रुपमा आफ्नो सेवा, समूह सम्बन्धी व्यवसायिक परिषद्मा दर्ता भै म्याद कायम रहेको हुनुपर्नेछ।

**(घ)** आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।

**(ङ)** लिखित परीक्षाको हकमा सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनुभन्दा कम्तीमा ७ (सात) दिन अगावै आयोगको कार्यालयमा सम्पर्क राख्नु पर्नेछ। अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग वाध्य हुने छैन।

**(च)** लिखित परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ।

**(छ)** खुला तथा समावेशीतर्फको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरूको नतिजा प्रकाशन गर्दा वर्णानुक्रमका आधारमा सबै सेवा, समूहको एकमुष्ट रुपमा प्रकाशन गरिनेछ।

**(ज)** प्रदेश निजामती सेवा ऐन, २०८० को दफा १० को उपदफा (१४) मा उल्लेख भएबमोजिम संघीय निजामती सेवा, सबै प्रदेशका निजामती सेवा वा सबै स्थानीय सेवामा कार्यरत रहेको कर्मचारी प्रदेश निजामती सेवाको खुल्ला वा अन्तरतह प्रतियोगिताद्वारा पदपूर्ति हुने पदको समान पदमा प्रतिस्पर्धा गर्न वा उम्मेदवार हुन पाउने छैन।

**(झ)** पाठ्यक्रम आयोगको वेबसाइट https://ppsc.lumbini.gov.np/list बाट प्राप्त गर्न सकिनेछ। सजिलोको लागि पदको नाम अथवा सम्बन्धित पदको Keyword टाइप गरी Search गर्न सकिनेछ।

**(ञ)** दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ। विदेशी शिक्षण संस्थाबाट शैक्षिक उपाधि हासिल गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनु पर्दछ तर नेपालका विश्वविद्यालयहरूबाट निर्धारित शैक्षिक योग्यता पूरा गरी निर्धारित पदमा आवेदन दिने उम्मेदवारहरूले सिंगल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनसम्म दरखास्त साथ पेश गर्नुपर्ने न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र वा लब्धाङ्क पत्र (ट्रान्सक्रिप्ट) समयावधिको कारणले पेश गर्न नसक्ने उम्मेदवारहरूको हकमा, सिंगल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनभित्र सम्बन्धित विश्वविद्यालयबाट परीक्षाफल प्रकाशित भइसकेको रहेछ र सो पुष्ट्याई हुनेगरी सम्बन्धित विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धित विद्यार्थीले सिंगल दस्तुर बुझाई दरखास्त दिने अन्तिम मिति भित्र उक्त उपाधिको सबै परीक्षाहरू उत्तीर्ण गरिसकेको (सबै वर्ष, सबै सेमेष्टरका परीक्षा, थेसिस, प्राक्टिकल र अन्य आवश्यकता पूरा गरिसकेको व्यहोरा) भन्ने विवरण सहितको पत्र र सबै सेमेष्टरको लब्धाङ्कपत्र पेश गरेमा त्यस्ता उम्मेदवारको न्यूनतम योग्यता पूरा भएको मानिनेछ।

**(ट)** माथी नखुलेका विषयहरु प्रदेश निजामती सेवा ऐन, २०८० र प्रदेश निजामती सेवा नियमावली, २०८० बमोजिम हुनेछ।

**(ठ)** दरखास्त भर्ने तरिका सम्वन्धी जानकारीको लागि वेबसाइटमा राखिएको User Manual हेर्न सकिनेछ।

नोट: पिछडिएको वर्ग र क्षेत्र र सिमान्तकृत समूहको हकमा, प्रदेश राजपत्रमा सूचना भएपश्चात मात्र उक्त समूहको विज्ञापन गर्ने गरी सिमान्तकृत समूहको पद संख्या १(एक) र पिछडिएको वर्ग र क्षेत्र समूहको पद संख्या १ (एक) हाल प्रदेश लोक सेवा आयोगको अभिलेखमा सुरक्षित गरिएको व्यहोरा जानकारी गराइन्छ।